# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, चैत्र ३० गते २०१६ साल [अतिरिक्ताङ्क ४४ (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१६ सालको ऐन नं. ४७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला श्रोजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनापधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### एक सहकारी बैंकको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, कृषि सम्बन्धी नयां व्यवस्थाको लागि चाहिने आर्थिक सुविधा सुलभ गराउन र सहकारी ढङ्गबाट खडा हुने लघु उद्योग, व्यापार सम्बन्धी र अन्य संस्थाहरूको संगठनमा चाहिने ऋण सुलभ गराउन एक सहकारी बैंकको स्थापना र व्यवस्था गर्नु वान्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम सहकारी बैंक ऐन, २०१[illegible] रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "बैंक" भन्नाले यो ऐन अन्तर्गत स्थापना भएको सहकारी बैंक सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले यो ऐन अन्तर्गत गठन गरिएको सञ्चालक समिति सम्झनु पर्छ,

(ग) "जनरल मेनेजर" भन्नाले यो ऐन अन्तर्गत नियुक्त भएको जनरल मेनेजर सम्झनु पर्छ,

(घ) "नेपाल बैंक लिमिटेड" भन्नाले नेपाल बैंक कानून, १९९४ अन्तर्गत स्थापना भएको नेपाल बैंक सम्झनु पर्छ,

(ङ) "नेपाल राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्रबैंक ऐन, २०१२ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्रबैंक सम्झनु पर्छ,

(च) "सहकारी संस्था" भन्नाले सहकारी संस्था ऐन, २०१६ अन्तर्गत रजिष्टर भएको सहकारी संस्था सम्झनु पर्छ,

(छ) "शेयर" भन्नाले बैंकको पूंजीको खास खास मूल्य र संख्यामा विभाजित गरिएको शेयर सम्झनु पर्छ,

(ज) "शेयर धनी" भन्नाले बैंकको एक वा एकभन्दा बढी शेयर खरीद गर्ने व्यक्ति सम्झनु पर्छ,

(झ) "सञ्चालक" भन्नाले बैंकको तत्कालको सञ्चालक सम्झनु पर्छ,

(ञ) "कृषक" भन्नाले साधारणतया आफ्नै वा आफ्नो सगोलका परिवारका सदस्यहरूको श्रमले जगगाबाट कृषि सम्बन्धी वस्तुहरू उत्पादन गर्ने काममा लागेको व्यक्ति सम्झनु पर्छ र यो शब्दले त्यस्तो व्यक्तिको सगोलका परिवारका सदस्यहरूलाई समेत जनाउँछ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

### संस्थापन, पूंजी र व्यवस्था

३. बैंकको संस्थापनः- (१) यो ऐन प्रारम्भ भएपछि सकभर चांडै सहकारी बैंक नामको एक बैंक स्थापित हुनेछ ।

(२) बैंक अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ सो संस्थाको सबै कामकोनिमित्त एउटा छुट्टै छाप हुनेछ । यसले यो ऐन र प्रचलित कानूनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच-बिखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालिश गर्न र यस उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्ने छ ।

४. शेयर पूंजी र त्यसको निष्काशनः- (१) बैंकको प्रारम्भिक शेयर पूंजी ने.रू. पचास लाखको हुनेछ । सो रकमलाई ने.रू. एक एक सयको पूरा चुक्ता मूल्यको जम्मा पचास हजार शेयर मा विभाजित गरिने छ । ती शेयरहरू समय समयमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई बैंकले बिक्री गर्न सक्ने छ । बैंकको प्रारम्भिक शेयर पूंजी श्री ५ को सरकारको पूर्व स्वीकृति लिई बढाउन सकिने छ ।

(२) जुनसुकै बखत बैंकको निष्काशित शेयर पूंजीको एकाउन्न प्रतिशत वा सोभन्दा बढी शेयर श्री ५ को सरकारले किन्ने छ । बांकी रहेको शेयर सर्वप्रथम सहकारी संस्थाहरूलाई किन्न दिई बांकी मात्र सर्वसाधारण जनतामा बिक्री वितरण गरिने छ ।

(२) बैंकको प्रत्येक शेयर अविभाज्य हुनेछ ।

५. शेयर धनीहरूको हक र दायित्वः- (१) प्रत्येक शेयर धनीले आफूले जतिसुकै शेयर किने तापनि साधारण सभामा एकै मत मात्र दिन पाउने छ ।

(२) बैंकको ऋण, ठेक्का पट्टा र दायित्वहरूमा शेयर धनीहरूको व्यक्तिगत दायित्व रहने छ । तर त्यस्तो व्यक्तिगत दायित्व उनीहरूले किनेको शेयरसम्म सीमित रहने छ ।

६. शेयर धनीहरूको रजिष्टरः- बैंकले शेयर धनीहरूको तोकिए बमोजिम एक रजिष्टर आफ्नो प्रधान कार्यालयमा राख्नुपर्छ ।

७. बैंकको प्रधान कार्यालय र शाखा तथा एजेण्टहरूः- (१) बैंकको प्रधान कार्यालय काठमाडौंमा वा श्री ५ को सरकारले तोकिदिएको अरू ठाउँमा रहने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बैंकले आवश्यक ठानेका स्थानहरूमा आफ्नो शाखा खोल्न र एजेण्टहरू मुकरर गर्न सक्ने छ र शुरूमा नेपाल बैंक लिमिटेड वा नेपाल राष्ट्रबैंक वा जिल्ला–स्तरीय सहकारी ऋण संस्थालाई पनि एजेण्टको काम गराउन सक्ने छ ।

८. समितिको गठनः– (१) समितिमा सात जना सञ्चालकहरू रहने छन् जसमध्ये श्री ५ को सरकार अर्थ मन्त्रालय, कृषि विभाग, सहकारी विभाग, नेपाल राष्ट्र-बैंक र आर्थिक योजना मन्त्रालय प्रत्येकबाट एक एक गरी जम्मा पांच जना सञ्चालकहरूको नियुक्ति श्री ५ को सरकारबाट गरिने छ ।

(२) बांकी दुई सञ्चालकहरू मध्ये एक जना बैंकको शेयर किन्ने सहकारी संस्थाहरूबाट र अर्को एक जना अरू शेयर धनीहरूबाट तोकिए बमोजिम निर्वाचित हुनेछन् ।

(३) नीति निर्धारणको कुरामा अविच्छिन्नता ल्याउन श्री ५ को सरकारबाट निम्नलिखित प्रारम्भिक नियुक्तिहरू गरिने छन्ः–

| | | |
|---|---|---|
| श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट | --- | --- १ वर्षको लागि |
| **श्री ५ को सरकार कृषि बिभागबाट** | – | **–१ वर्षको लागि** |
| श्री ५ को सरकार, सहकारी विभागबाट | --- | --- २ वर्षको लागि |
| श्री ५ को सरकार, आर्थिक योजना मन्त्रालयबाट | | --- ३ वर्षको लागि |
| नेपाल राष्ट्रबैंकबाट | --- | --- २ वर्षको लागि |

(४) प्रारम्भिक नियुक्ति भएपछि हुने सरकारी प्रतिनिधि सदस्यहरू प्रत्येकको नियुक्तिको अवधि ३ वर्षको हुनेछ। श्री ५ को सरकारले चाहेको खण्डमा ती सञ्चालकहरूलाई कार्य अवधि सकिएपछि पनि पुनः नियुक्त गर्न सकिने छ ।

(५) समितिको निर्वाचित सदस्यहरू मध्ये सहकारी संस्थाबाट निर्वाचित सञ्चालकको प्रारम्भिक कार्य अवधि १ वर्षको हुनेछ र शेयर धनीहरूबाट निर्वाचित सञ्चालकको प्रारम्भिक कार्य अवधि २ वर्षको हुनेछ। त्यसपछि प्रत्येक निर्वाचित सञ्चालकको कार्य अवधि ३ वर्षको हुनेछ ।

(६) समितिका सञ्चालकहरू मध्ये श्री ५ को सरकारले तोकेको सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

९. कार्यकारिणी समितिः– (१) जनरल मैनेजर र ३ सञ्चालकहरूको एक कार्यकारिणी समिति रहने छ ।

(२) कार्यकारिणी समितिका सञ्चालक सदस्यहरू समितिद्वारा निर्वाचित हुनेछन् ।

(३) जनरल मैनेजरले यस कार्यकारिणी समितिको अध्यक्ष भै काम गर्नेछन् ।

(४) यस विषयमा बनेका नियमहरूको अधीनमा रही कार्यकारिणी समितिले समितिबाट प्रदत्त भए अनुसारका अख्तियारहरू प्रयोग गर्नेछन् ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कार्यकारिणी समितिको प्रत्येक बैठकको माइन्यूट सञ्चालक समिति समक्ष स्वीकृतिका लागि प्रस्तुत गरिने छ।

१०. सञ्चालक हुन र रहन नपाउने अवस्थाः– देहायको कुनै एक वा बढी अवस्था भएको व्यक्ति सञ्चालकको पदमा छानिन, मनोनयन हुन वा कायम रहन अयोग्य हुनेछ।

(क) बैंकको तलबी कर्मचारी,

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(ग) मगज बिग्रेको, वा

(घ) नैतिक पतन भएको भनी श्री ५ को सरकारले ठहराएको।

११. सञ्चालकहरूलाई हटाउन सकिने अवस्थाः– देहायको अवस्थामा सञ्चालकहरूलाई छान्ने वा मनोनयन गर्ने अधिकारीले हटाउन सक्नेछः–

(क) दफा १० मा लेखिएको कुनै अयोग्यताको अवस्थामा परेमा,वा

(ख) समितिको अनुमति विना समितिको बैठकमा लगातार ३ पटकभन्दा बढी अनुपस्थित भएमा र सो अनुपस्थितिको कारण छान्ने वा मनोनयन गर्ने अधिकारीको दृष्टिकोणबाट बेमुनासिब देखिएमा।

१२. समितिको कर्तव्य र अधिकारः– श्री ५ को सरकारबाट ठहर भए बमोजिम गर्नुपर्ने यो ऐन अन्तर्गत स्पष्ट व्यवस्था गरिए बाहेक अरू काम कुराहरूमा समितिले बैंकको सबै अधिकारहरूको प्रयोग गर्न पाउने छ र कर्तव्यहरूको पालन गर्नुपर्नेछ। ती अधिकारहरूको प्रयोग र कर्तव्यहरूको पालन गर्दा समितिले यो ऐन अन्तर्गत व्यवस्था गरिएका कुराहरूको अधीनमा रही गर्नुपर्छ।

तर समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरू मध्ये सबै वा केही अधिकार समय समयमा सञ्चालक, जनरल मैनेजर वा बैंकका अरू कर्मचारी वा तिनीहरूको कार्यकारिणी समितिलाई सुम्पन सक्ने छ र समय समयमा त्यसरी सुम्पिएको अधिकारहरू फिर्ता लिन सक्नेछ। त्यस्तो सञ्चालक, जनरल मैनेजर, कर्मचारी वा समितिले आफूलाई सुम्पिएको अधिकारहरू प्रयोग गर्दा यो ऐन अन्तर्गतका कुराहरूको अधीनमा रही गर्नुपर्छ।

१३. जनरल मैनेजरको नियुक्ति र सेवाका शर्तहरूः– (१) श्री ५ को सरकारले तोकिदिएका शर्तहरूका अधीनमा रही तोकिदिएको पारिश्रमिक दिने गरी श्री ५ को सरकारले एक जनरल मैनेजर ५ वर्षको निमित्त नियुक्त गर्नेछ। श्री ५ को सरकारले चाहेमा निजलाई पुनः नियुक्ति गर्न सक्ने छ।

(२) श्री ५ को सरकारबाट निर्धारित व्यवस्था र समितिबाट भएका निर्णय अन्तर्गत रही जनरल मैनेजर मुख्य कार्यकारिणी अफिसर हुनेछन् र निजले बैंकका सम्पूर्ण काम कार्यहरूको नियन्त्रण एवं रेखदेख गर्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–३

### बैंकको काम, कर्तव्य र अधिकार

१४. बैंकले अनुसरण गर्नुपर्ने सिद्धान्तः– बैंकले यो ऐन अन्तर्गत कार्य सम्पादन गर्दा सामान्यतया कृषि सम्बन्धी नयां व्यवस्था तथा लघु उद्योग एवं व्यापारिक संस्थाहरूको हितको विशेष ख्याल राखी व्यापारिक सिद्धान्त अनुसरण गर्नुपर्छ।

१५. बैंकको काम कर्तव्य र अधिकारहरू:– कृषि सम्बन्धी (नयां व्यवस्था) ऐन, २०१९ अन्तर्गतको कार्यक्रमको लागि चाहिने आर्थिक सुविधाहरू सुलभ गराउने र यो बैंकको नीति अनुसार श्री ५ को सरकार सहकारी विभागले खडा गर्ने लघु उद्योग व्यापार सम्बन्धी र अन्य संस्थाहरूको संगठनमा चाहिने सुविधा सुलभ गराउने यस बैंकको काम, कर्तव्य र अधिकार हुनेछ। यस बैंकले कृषि सम्बन्धी (नयां व्यवस्था) ऐन, २०१९ अन्तर्गत जग्गाको पुर्नवितरणको सिलसिलामा जग्गा प्राप्त गर्ने कृषकहरूले तिरेको रकहमरू प्राप्त गर्नेछ र यस रकमलाई बैंकले सञ्चित गरी एक कोषको रूपमा राख्ने छ। सो कोषबाट पहिलेका जग्गा धनीहरूलाई मुआवजा स्वरूप दिइएका ऋणपत्रहरूको नगद भुक्तानी समय मै गर्न सकिने व्यवस्था गर्नेछ।

## परिच्छेद–४

### कोष, हिसाब र लेखापरीक्षण

१६. बैंकको कोषः– बैंकको आफ्नो छुट्टै कोष रहने छ। ऋण र अनुदान लगायत बैंक प्राप्त गर्ने सबै रकम सोही कोषमा जम्मा गरिने छ र बैंकको तर्फबाट खर्च गर्नुपर्ने सबै रकमहरू पनि सोही कोषबाट व्यहोरिने छ। जिल्लाहरूमा बैंकका शाखाहरू खोलिएको प्रारम्भिक अवस्थामा यस बैंकले नेपाल बैंक लिमिटेड वा नेपाल राष्ट्रबैंकमा डिपोजिट जम्मा गराउने सम्बन्धी सहुलियत प्राप्त गर्न सक्ने छ।

१७. लेखापरीक्षणः– बैंकको लेखापरीक्षण श्री ५ को सरकारबाट खटाएको लेखापरीक्षकले गर्नेछ। लेखापरीक्षकलाई तोकिए बमोजिमको फी बैंकको कोषबाट दिइने छ।

१८. हिसाब किताबः– समितले बैंकको कारोवारको वास्तविक र दुरुस्त स्थिति देखिने गरी नेपाली भाषामा आवश्यक हिसाब किताबहरू र अरू लिखतहरू राख्नुपर्छ। हिसाब किताबहरू बैंकको प्रधान कार्यालयमा राख्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–५

### श्री ५ को सरकारको अधिकार

१९. निर्देश दिने श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले राष्ट्रिय हितको निमित्त उचित ठहराएमा बैंकलाई निर्देशहरू दिन सक्ने छ र त्यस्तो निर्देशहरूको पालन गर्नु बैंकको कर्तव्यहुनेछ ।

२०. बैंकको काम कार्यको जांचबुझ गर्ने गराउने श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले बैंकको काम कार्य जांचबुझ गर्न समय समयमा एक वा एकभन्दा बढी इन्स्पेक्टर नियुक्त गरी खटाउन सक्ने छ ।

२१. बैंकको विघटनः– श्री ५ को सरकारको आदेशले बाहेक बैंक विघटन हुनेछैन ।

## परिच्छेद–६

### विविध

२२. सजायः– (१) कसैले यो ऐन अन्तर्गत वा यो ऐनको प्रयोजनको निमित्त तयार गर्नुपर्ने वा राख्नुपर्ने वा पेश गर्नुपर्ने कुनै विवरण, हिसाब किताब वा सूचना वा अरू लिखतमा जानी जानी खास खास कुराको झुट्टा व्यहोरा पारेमा वा खास बदनियतले खास खास कुराको व्यहोरा पार्न छुटाएमा, निजलाई दुई वर्षसम्म कैद वा ने. रू. एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले बैंकको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा बैंकको नाम प्रयोग गरेमा निजलाई ६ महीनासम्म कैद वा ने.रू. दुई सयसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अरू कुनै कुरा उल्लङ्घन गरेमा निजलाई ने.रू. एक सयसम्म जरवाना हुनेछ ।

(४) यो ऐन बमोजिम बैंकले गर्नुपर्ने काम कार्य नगरेमा वा गर्न नहुने कुनै काम कार्य गरेमा, सो कसूरसंग जाना जान सम्बन्ध भएको प्रत्येक सञ्चालक, जनरल मैनेजर र अरू कर्मचारी यो ऐन अन्तर्गत सजायको भागी हुनेछ ।

२३. कानूनी कारवाइः– (१) आफ्नो तर्फबाट वा अरू कुनै व्यक्तिको तर्फबाट बैंक वादी वा प्रतिवादी भएको कुनै मुद्दा मामिलामा जिल्ला अदालतले हेरी शुरू कारवाइ र फैसला गर्नेछ ।

(२) यस्तो मुद्दा मामिलामा जिल्ला अदालतले दिएको अन्तिम फैसला वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित नेपाल कानूनको म्यादभित्र सर्वोच्च अदालतमा अपील वा उजूर गर्न सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

563

२४. नियम र विनियमहरू बनाउने अधिकारः– यो ऐनको उद्देश्यहरू कार्यान्वित गर्न बैंकले नियम र विनियमहरू बनाउन सक्ने छ तर श्री ५ को सरकारबाट स्वीकृत नभै ती नियम वा विनियमहरू लागू हुनेछैनन् ।

२५. बैंकको नीति, नियम, विनियम एवं कार्यहरूः– (१) यो ऐनका व्यवस्था अनुसार र श्री ५ को सरकारको प्रशासकीय स्वीकृति प्राप्त गरी सञ्चालक समिति र जनरल मैनेजरले प्रयोगात्मक अवधिको शुरूमा बैंकको सुसंगठन सम्बन्धी नीति, नियम र विनियमहरू तयार गर्नेछन् ।

(२) उक्त विषयमा श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरेपछि पहिलो वर्षको कार्यकालमा बैंकको उद्देश्य हासिल गर्न चाहिने फण्डहरू उपलब्ध गर्न आवश्यक कदमहरू चालिने छन् ।

(३) श्री ५ को सरकार, सहकारी विभागबाट यो ऐन प्रारम्भ हुनुभन्दा अघि सहकारी संस्थाहरूलाई दिइएका ऋणहरू यो ऐन प्रारम्भ भएपछि बैंक मार्फत् मिलाइने छन् ।

(४) प्रयोगात्मक अवधि समाप्त भएपछि बैंकको दीर्घकालीन कार्यहरूको निमित्त गर्नुपर्ने आवश्यक व्यवस्थाहरूमा बैंकले आफ्नो सिफारिश श्री ५ को सरकार-मा पेश गर्नेछ ।

२६. बाझिएमा गर्नेः– यो ऐन र यस ऐन अतर्गत बनेको नियम वा विनियमहरूमा लेखिएका कुराहरूमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०१६।१२।३०।६.

आज्ञाले,
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।